# सूर्योदय नगरपालिकामा मदिरा तथा सुर्ति जन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८०

नगरसभाबाट स्वीकृत मिति: २०८०।१०।१५ गते

प्रमाणीकरण मिति : २०८०।१०।१५ गते

**प्रस्तावना:** सूर्योदय नगरपालिका क्षेत्रभित्र नगरवासीको सदाचार, सामाजिक आचरण, सु-स्वास्थ्य, शान्ति सुव्यवस्था, अमनचैन तथा आर्थिक हित कायम राख्नको लागि नगर क्षेत्रभित्र मदिराजन्य पदार्थ र सुर्तिजन्य वस्तुको वेचविखन र उपभोग नियन्त्रण, अनुगमन र नियमन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड त्र. को बुँदा (१४) अनुसार नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम " सूर्योदय नगरपालिकामा मदिरा तथा सुर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिका सम्झनु पर्छ।

(ख) "वडा" भन्नाले नगरपालिका अन्तर्गतका वडालाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र यो शब्दले नगरपालिकाको प्रशासनिक संगठनात्मक स्वरुपको रुपमा स्थापना भएको विभाग, शाखा, वडा कार्यालय लगायतका प्रशासनिक एकाईलाई समेत जनाउँछ।

(घ) "निकाय" भन्नाले प्रचलित कानून बमोजिम गठित प्रशासनिक तथा राजस्वसँग सम्वन्धित निकायलाई सम्झनु पर्दछ।

(ङ) "शाखा" भन्नाले सूर्योदय नगरपालिका अन्तर्गत रहेको उद्योग व्यवसाय तथा पर्यटन प्रवर्द्धन शाखा सम्झनु पर्छ।

(च) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शव्दले रक्सी, जाँड, छ्याङ;व्हिस्की,रम,जीन,ब्राण्डी,भोड्का, वियर, वाइन,सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई सम्झनु पर्छ।

(छ) "सुर्तिजन्य वस्तु" भन्नाले धुम्रपान वा सुर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, विँडी, सिगार, तमाखु, सुल्फा, कङ्कड, हुक्का, कच्चा सूर्ती, खैनी, सुर्ति वा यस्तै प्रकारका सुर्तिजन्य वस्तु सम्झनु पर्छ।

(ज) "गुट्खा" भन्नाले प्लाष्टिकमा प्याक गरिएका कच्चा सूर्ती, खैनी, गुट्खा, पानपराग वा यस्तै प्रकृतिका मुखमा राख्ने रस लिने सूर्तिजन्य वस्तु सम्झनुपर्छ।

(झ) "सूर्ती सेवन" भन्नाले सुर्तिजन्य वस्तु मुखमा राख्ने, त्यस्तो वस्तुको नस लिने वा सेवन गर्ने काम सम्झनुपर्छ।

(ञ) "धुम्रपान" भन्नाले चुरोट, विँडी, सिगार, तमाखु, सुल्फा, कङ्कड, हुक्का, सुर्ति वा यस्तै प्रकारका अन्य वस्तु सेवन गर्ने काम सम्झनु पर्छ।

(ट) "मदिरा उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ।

(ठ) "अनुमतिपत्र" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकारको सम्वन्धित निकायबाट सुर्तिजन्य वस्तु वा मदिरा उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(ड) "घरेलु मदिरा" भन्नाले घरेलु सामग्री, कच्चा पदार्थहरू प्रयोग गरी नेपाल सरकारको मापदण्ड पूरा नगरी तयार पारिएको मदिरा सम्झनु पर्छ।

(ढ) "मूल समिति" भन्नाले मदिरा तथा सुर्ति जन्य वस्तुको नियन्त्रण र नियमन गर्न गठन भएको नगर स्तरीय समिति सम्झनु पर्छ।

(ण) "वडा स्तरीय समिति" भन्नाले मदिरा तथा सुर्ति जन्य वस्तुको नियन्त्रण र नियमन गर्न गठन भएको वडा स्तरीय समिति सम्झनु पर्छ।

(त) "टोल विकास संस्था" भन्नाले सूर्योदय नगरपालिका अन्तर्गत गठन भएका टोल विकास संस्थालाई सम्झनु पर्दछ।

(द) "पर्यटकीय क्षेत्र" भन्नाले नगरपालिकामा पर्यटकहरूको धेरै चहलपहल हुने नगर कार्यपालिकाले निर्णय गरेका क्षेत्र सम्झनुपर्छ।

## परिच्छेद २

## समिति गठन सम्बन्धी व्यवस्था

**३. मूल समिति :** मदिरा तथा सुर्तिजन्य बस्तुको विक्री वितरण तथा उपभोगको नियन्त्रण, नियमन र व्यवस्थापन गर्न देहायको मूल समिति रहनेछ :

(क) नगर प्रमुख – संयोजक

(ख) नगर उप-प्रमुख – सह-संयोजक

(ग) सुशासन तथा संस्थागत क्षमता विकास समिति संयोजक – सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) कार्यपालिकाले तोकेको दुई जना महिला कार्यपालिका सदस्य – सदस्य

(च) आदिवासी जनजाति महासंघको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(छ) स्थानीय प्रहरी प्रशासनको प्रमुख वा प्रतिनिधि - सदस्य

(ज) उद्योग वाणिज्य महासंघको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(झ) होटल व्यवसायी संघको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(ञ) नगर युवा परिषद् अध्यक्ष – सदस्य

(ट) नगर खेलकुद परिषद्को अध्यक्ष – सदस्य

(ठ) नगरक्षेत्रका टोल संस्थाका प्रतिनिधिहरूमध्येबाट कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना - सदस्य

(ड) नगर वाल सञ्जालको अध्यक्ष – सदस्य

(ढ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

**४. मूल समितिको काम, कर्तव्य र अधिकार:** मदिरा तथा सुर्तिजन्य बस्तुको विक्री वितरण तथा उपभोगको नियन्त्रण, नियमन र व्यवस्थापन गर्न गठन भएको मूल समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) मदिराको अव्यवस्थित विक्री वितरणलाई व्यवस्थित गरी नगरपालिकामा हुने विकृति, विसङ्गतीलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

(ख) वडा स्तरीय समितिलाई आवश्यक सहयोग र निर्देशन दिने ।

(ग) मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस ऐनलाई कडाइका साथ लागु गर्ने गराउने ।

(घ) यो ऐन विपरीत मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गराउने ।

(ङ) मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री, वितरण, व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने।

(च) समय समयमा मदिरा तथा सुर्तिजन्य वस्तु विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(छ) आवश्यकता अनुसार विशेष अभियान सञ्चालन गर्ने, गराउने ।

(ज) आवश्यकता अनुसार अनुगमन समितिलाई आवश्यक सहयोग गर्ने ।

(झ) वडा स्तरीय समितिको काम कारबाहीको अनुगमन गर्ने, गराउने ।

**५. अनुगमन समिति :** मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री, वितरण, व्यवस्थापन र उपभोगको अनुगमन गर्ने जिम्मेवारी नगर उप प्रमुखको संयोजकत्वमा रहेको नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको रहनेछ ।

**६. अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस ऐनको पूर्ण परिपालनाको सुनिश्चितता गर्ने ।

(ख) अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतिको लागि मूल समितिमा पेश गर्ने ।

(ग) स्वीकृत कार्य योजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने ।

(घ) यस ऐन विपरीत मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री, वितरण, सेवन भएको, नभएको यकिन गर्ने ।

(ङ) यस ऐन विपरीत मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री, वितरण, सेवन भएको भए ऐन बमोजिम कारबाही तथा जरिवाना गर्ने।

(च) अनुगमन समितिले अनुगमनका क्रममा सहयोग र सुरक्षाको लागि यस नगरपालिकाका नगर प्रहरीलाई साथै लिएर अनुगमन जान सक्नेछन् ।

**७. वडा स्तरीय समिति :** मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री वितरण, सेवनको प्रभावकारी नियन्त्रण र नियमन गर्नका लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय समिति रहनेछ :

(क) सम्बन्धित वडाको वडा अध्यक्ष – संयोजक

(ख) सम्बन्धित वडाका वडा सदस्यहरू – सदस्य

(ग) स्थानीय प्रहरी प्रशासनको प्रमुख वा प्रतिनिधि - सदस्य

(घ) वडामा रहेका टोल विकास संस्थाका प्रतिनिधिहरूमध्येबाट वडा समितिले तोकेको एक महिला सहित दुई जना सदस्य - सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव – सदस्य सचिव

**८. वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार :** मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री वितरण तथा उपभोगको नियन्त्रण, नियमन र व्यवस्थापन गर्न गठन भएको वडा स्तरीय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडामा यस ऐन बमोजिम मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री वितरण तथा सेवन भएको, नभएको अनुगमन गरी सो को जानकारी मूल समितिलाई दिने ।

(ख) यस ऐनमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ग) यस ऐनको पालना नगर्नेलाई ऐन बमोजिम जरिवाना गर्ने, गराउने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

(घ) मदिरा तथा सुर्ति जन्य वस्तुले गर्ने हानी र आवश्यक सचेतना, यस ऐन बमोजिमका प्रावधानहरू वडावासीलाई जानकारी गराउने उद्देश्यले जनचेतनामूलक कार्यक्रमहरू आयोजना र सञ्चालन गर्ने ।

(ङ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

(च) यस ऐन बमोजिम वडा स्तरीय समितिले गर्नुपर्ने कार्य गर्ने ।

(छ) ऐनको कार्यान्वयनका लागि आवश्यक सुझावहरू भए समितिको निर्णय सहित मूल समितिमा लिखित प्रतिवेदन पेश गर्ने ।

**९. टोल विकास संस्थालाई अधिकार :** नगर क्षेत्रमा गठन भएका टोल विकास संस्थाहरूलाई यस ऐनको कार्यान्वयनका क्रममा देहाय बमोजिमको अधिकार हुनेछ :

(क) टोल क्षेत्रभित्र यस ऐनको पूर्ण परिपालनाको सुनिश्चितता गर्ने ।

(ख) टोल क्षेत्रभित्र मदिरा तथा सुर्तिजन्य वस्तुको विक्री वितरण तथा उपभोगमा यस ऐन बमोजिम नियन्त्रण, निषेध र नियमन गर्ने ।

(ग) टोल विकास संस्थाले यस ऐन विपरीत कार्य भएको जानकारी पाएमा वडा स्तरीय समितिको संयोजकलाई जानकारी दिनेछ, र संयोजकको निर्देशानुसार तत्कालै जरिवाना गराउन सक्नेछ ।

(घ) वडा स्तरीय समितिसँग समन्वय गरी मदिरा तथा सुर्तिजन्य वस्तु विरुद्ध सचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने ।

## परिच्छेद ४
## सूचीकरण सम्बन्धी व्यवस्था

**१०. सूचीकरण गर्नुपर्ने :**

(१) कुनै व्यक्तिले नगर क्षेत्रमा मदिरा उत्पादन वा विक्री गर्ने व्यवसाय वा सूर्तीजन्य वस्तुको थोक विक्री गर्ने व्यवसाय गर्न चाहेमा सम्बन्धित निकायमा दर्ता भई त्यस्तो व्यवसाय नगर कार्यपालिकाको कार्यालयमा समेत सूचीकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुन आउने व्यवसायलाई यस ऐन बमोजिमका शर्तको अधिनमा रही अनुसूची -१ बमोजिमको सूचीकरण प्रमाण पत्र प्रदान गरिनेछ ।

**११. हाल सञ्चालित व्यवसायीले समेत सूचीकरण गर्नुपर्ने :**

(१) यस ऐन जारी हुँदाको बखत यस नगर क्षेत्रभित्र सञ्चालनमा आएका मदिरा व्यवसाय र सूर्तिजन्य वस्तुको थोक विक्री गर्ने व्यवसायलाई दफा १० बमोजिम सूचीकरण गर्न कार्यालयले सूचना आह्वान गर्नेछ ।

(२) सूचना आह्वान भएको मितिले बढीमा ४५ दिनभित्र हाल सञ्चालनमा रहेका व्यवसायले समेत नगरपालिकामा सूचीकृत हुनुपर्नेछ ।

**१२.** दफा १० र ११ बमोजिम सूचीकरण हुँदा पर्यटकीय स्थल यकिन गरी दफा १५ को उपदफा (४) बमोजिमको मदिरा विक्री गर्ने समय समेत स्पष्ट तोकेर सूचीकरण प्रमाणपत्र प्रदान गरिनेछ ।

**१३.** दफा १० र ११ बमोजिम सम्बन्धित निकायमा दर्ता नभएका र सूचीकृत हुन नआएका व्यवसायीहरूलाई नगरपालिकाले यस ऐनमा तोकिए बमोजिम दण्ड तथा सजाय गर्न सक्नेछ ।

## परिच्छेद ५
## मदिरा उत्पादन तथा विक्री वितरणमा नियन्त्रण सम्बन्धी व्यवस्था

**१४. घरेलु मदिरा उत्पादन सम्बन्धी व्यवस्था :**

(१) कुनै व्यक्तिले निजी उपयोगको लागि एक पटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड बनाउन यस ऐनले बाधा गरेको मानिने छैन ।

(२) उपदफा (१) बमोजिमको उत्पादन वर्षको ६ पटक भन्दा बढी गर्न पाइने छैन ।

(३) यसरी उत्पादन गर्दा टोल विकास संस्था मार्फत सम्बन्धित वडा स्तरीय समितिलाई जानकारी गराउनु पर्नेछ ।

(४) प्रचलित ऐन र यस दफा बमोजिम बाहेक घरेलु मदिरा उत्पादन भएको पाइएमा प्रचलित कानुन बमोजिम दण्ड तथा सजाय हुनेछ ।

तर, तोकिए बमोजिमको मापदण्डको पालना गरी घरेलु मदिरा उत्पादन तथा विक्री वितरण गर्ने इजाजत पत्र प्राप्त गरेमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**१५. मदिरा विक्री वितरण :** मदिराको विक्री वितरण गर्दा सामाजिक सद्भाव, शान्ति सुव्यवस्था, अमन चयन खल्बलिन नुहने, घरेलु हिंसा, समाजमा झै झगडा नहुने, शान्ति कायम हुने गरी देहाय बमोजिमका व्यवस्थाहरू अवलम्बन गरेर मात्र गर्नुपर्नेछ ।

(१) घरेलु मदिरा विक्री वितरणमा बन्देज : कुनै पनि व्यवसायी वा पसलले घरेलु मदिरा विक्री वितरण गर्न पाइने छैन ।

(२) १८ वर्षभन्दा कम उमेरका बालबालिका, गर्भवती र सुत्केरी महिलालाई मदिरा विक्री, वितरण गर्न गराउन पाइने छैन ।

(३) उपदफा (२) बमोजिमको प्रयोजनको लागि विक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र विक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(४) मदिरा विक्री गर्ने समय : नगरपालिकामा सूचीकृत व्यवसायीले नगर क्षेत्रभित्र मदिरा विक्री गर्दा देहाय बमोजिमको समयमा मात्र गर्नुपर्नेछ :

(क) होल सेल विक्रेताले – विहानको १०:०० बजेदेखि राति १०:०० बजेसम्म

(ख) खुद्रा विक्रेताले – दिनको ३:०० बजेदेखि राति १०:०० बजेसम्म

(ग) विर्को खोली विक्री गर्ने विक्रेताले – साँझ ५:०० बजेदेखि राति १०:०० बजेसम्म

तर यस ऐनको दफा ३३ बमोजिमका पर्यटकीय क्षेत्रमा यो उपदफा लागु हुने छैन ।

(५) विद्यालय पोशाकमा रहेका विद्यार्थीहरूलाई कुनै पनि समयमा मदिरा विक्री गर्न पाइने छैन ।

(६) कुनै पनि मदिरा पसल विद्यालय परिसरको १०० मिटर वरपर सञ्चालन गर्न पाइने छैन ।

(७) कुनै पनि मदिरा पसल सार्वजनिक स्थान, स्वास्थ्य संस्था, धार्मिक स्थल, पुस्तकालय, सरकारी कार्यालय वा सार्वजनिक महत्वको क्षेत्रलाई लक्षित गरेर खोल्न पाइने छैन ।

(८) नगरपालिकामा सूचीकृत व्यवसायीले सूचीकरण हुँदाका बखत तोकिएको स्थानमा मात्र व्यवसाय सञ्चालन गर्न पाइनेछ । स्थान परिवर्तन गर्नुपर्ने भएमा सो को लागि प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी नगरपालिकामा पुन: सूचीकरण गर्नुपर्नेछ ।

(९) प्रचलित कानुन बमोजिम इजाजत पत्र लिई मदिरा बेचविखन गर्ने किराना, खाद्यान्न, तरकारी, मासु, फलफूल पसल लगायतका कुनै पनि पसलबाट मदिरा बेचविखन गर्दा छुट्टै कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(१०) मदिरा व्यवसायको स्वीकृति लिएका होटलहरूमा भोजन र आवास कक्ष क्षेत्रमा असर नपर्ने गरी मदिरा सेवनको लागि छुट्टै कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(११) मदिरा विक्रीको अनुमति लिएको व्यवसायीले पसल बाहिर देखिने गरी बोर्ड राख्नु पर्नेछ। त्यसैगरी प्रचलित कानुन बमोजिम सम्बन्धित निकायहरूबाट प्राप्त इजाजतपत्रहरू सबैले देख्नेगरी राख्नुपर्नेछ ।

(१२) कसैले पनि प्लाष्टिकको पोका (पाउच) वा अन्य प्रयोगमा आइसकेको बोतलमा राखी मदिरा बेचविखन गर्न पाइने छैन ।

(१३) कसैले पनि मदिरा प्रति आकर्षण गर्ने उद्देश्यले बाहिरबाट देखिने स्थानमा सजावट गरी मदिरा विक्रीको लागि राख्न पाउने छैन ।

(१४) मानव स्वास्थ्य प्रति चेतना गराउने सूचना तथा होर्डिङ्ग बोर्ड बाहेक मदिराको प्रचार प्रसार, विज्ञापन र होर्डिङ्ग बोर्ड राख्न पाइने छैन ।

(१५) यस दफामा जुनसुकै व्यवस्था भएतापनि देहायका स्थानहरूमा कुनै पनि प्रकारले मदिरा वेचविखन गर्न पाइनेछैन:

(क) हाटबजार,

(ख) सार्वजनिक स्थल,

(ग) चोक,

(घ) पर्व मेला,

(ङ) सार्वजनिक कार्यक्रम,

(च) खेलकुद कार्यक्रम,

(छ) नगर कार्यपालिकाले निर्णय गरी तोकेको अन्य स्थान ।

## परिच्छेद ६

## मदिरा उपभोगमा नियन्त्रण सम्बन्धी व्यवस्था

**१६. मदिरा उपभोग सम्बन्धी व्यवस्था:**

(१) यस नगर क्षेत्रभित्र देहायको समयमा बाहेक मदिरा उपभोग गर्न पाइने छैन ।

(क) कार्तिक देखि माघ महिनासम्म साँझ ५:०० बजेदेखि राति ९:०० बजेसम्म

(ख) खण्ड (क) बाहेकका अन्य महिनामा साँझ ५:०० बजेदेखि राति १०:०० बजेसम्म ।

तर यस ऐनको दफा ३३ बमोजिमका पर्यटकीय क्षेत्रमा यो उपदफा लागु हुने छैन ।

(२) हाट बजार, मेला, समारोह आदिमा मदिरा उपभोग गर्न पाइने छैन।

(३) कार्यालय पोशाकमा रहेका कर्मचारी र विद्यालय पोशाकमा रहेका शिक्षक तथा विद्यार्थीले कुनै पनि समयमा मदिरा उपभोग गर्न पाइने छैन।

(४) समुदायको धर्म, संस्कार, चाडपर्वलाई मात्र ध्यान दिएर सम्बन्धित पक्षबाट वडा स्तरीय समितिमा अनुरोध हुन आएमा सामाजिक शान्ति, सुव्यवस्थामा अमन चयन नखलबलिने, घरेलु हिंसा, सामाजिक झै झगडा नहुने र शान्ति कायम हुने गरी मात्र वडा स्तरीय समितिको निर्णयमा समय, सिमा तोकी वडा स्तरीय समितिले मदिरा प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

(५) सांस्कृतिक र धार्मिक परम्परा बाहेक विभिन्न भोज, विवाह आदि कार्यक्रममा मदिरा उपभोग गर्नुपर्ने भनी सम्बन्धित पक्षबाट वडा स्तरीय समितिमा अनुरोध हुन आएमा सामाजिक शान्ति, सुव्यवस्थामा अमन चयन नखलबलिने, घरेलु हिंसा, सामाजिक झै झगडा नहुने र शान्ति कायम हुने गरी मात्र वडा स्तरीय समितिको निर्णयमा समय, सिमा तोकि मदिरा प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका स्थानमा मदिरा उपभोग गर्न वा उपभोग गरेर प्रवेश गर्न पाइनेछैन :

(क) विद्यालय,

(ख) स्वास्थ्य संस्था,

(ग) सरकारी कार्यालय,

(घ) पुस्तकालय,

(ङ) खेलमैदान

(च) नगर कार्यपालिकाले निर्णय गरी तोकेको अन्य स्थान ।

## परिच्छेद ७

## सुर्तिजन्य वस्तुको नियन्त्रण तथा नियमन सम्बन्धी व्यवस्था

**१७. सुर्तिजन्य वस्तुको बिक्री वितरण गर्न निषेध :**

(१) यस नगरपालिका क्षेत्रभित्र कसैले पनि फुटकर रूपमा चुरोट, विडिँ वा सिगारको खिल्ली जस्ता सूर्तीजन्य वस्तु विक्री वितरण गर्न वा गर्न लगाउन वा नि:शुल्क रूपमा उपलब्ध गराउन पाइने छैन ।

(२) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय र नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सार्वजनिक स्थलमा कुनै पनि प्रकारले सुर्तिजन्य वस्तुको विक्री वितरण गर्न वा गर्न लगाउन वा नि:शुल्क उपलब्ध गराउन पाइने छैन ।

(३) यस नगरपालिका क्षेत्रभित्र कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति, गर्भवती र सुत्केरी महिलालाई सूर्तिजन्य वस्तु विक्री वितरण गर्न वा गर्न लगाउन वा नि:शुल्क उपलब्ध गराउन पाउने छैन ।

(४) उपदफा (३) बमोजिमको प्रयोजनको लागि सूर्तीजन्य वस्तुको विक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र विक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(५) विद्यालय पोशाकमा रहेका विद्यार्थीहरूलाई कुनै पनि प्रकारले सूर्तीजन्य वस्तु विक्री गर्न पाइने छैन ।

**१८. गुट्खा विक्री वितरणमा बन्देज :** नगरपालिका क्षेत्रभित्र कसैले पनि गुट्खा र यस्तै प्रकारका वस्तु कुनै पनि प्रकारले विक्री वितरण गर्न वा गर्न लगाउन वा नि:शुल्क उपलब्ध गराउन पाइने छैन ।

**१९. धुम्रपान तथा सुर्तिसेवन गर्न नहुने :**

(१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्तीसेवन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सूचीकृत हुँदा पर्यटकीय स्थल हो भनी यकिन भएका स्थान वा होटलमा छुट्टै "स्मोकिङ जोन" कक्षको व्यवस्था गरी अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धूम्रपान तथा सूर्तीसेवन गर्न यस दफाले बाधा गरेको मानिने छैन ।

(३) उपदफा (२) बमोजिम "स्मोकिङ जोन"को व्यवस्था नगरेसम्म त्यस्तो स्थानमा धूम्रपान र सुर्ति सेवन गर्न पाइने छैन ।

(४) नगरपालिका क्षेत्रभित्र कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धुम्रपान गर्न पाउने छैन ।

**२०. विज्ञापन तथा प्रायोजन गर्न नपाइने :**

(१) उत्पादक तथा वितरक कसैले पनि यस नगरपालिका भित्र पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ईमेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृष्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सुर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाइने छैन ।

**२१. प्रदर्शनमा बन्देज :**

(१) कसैले पनि सुर्तिजन्य वस्तु प्रति आकर्षण हुने गरी सुर्तिजन्य पदार्थको सजावट गर्न पाउने छैन ।

(२) कसैले पनि सुर्तिजन्य वस्तुको कुनै तरिकाबाट प्रदर्शन गर्न पाउने छैन ।

## परिच्छेद ८

## अनुगमन सम्बन्धी व्यवस्था

**२२. अनुगमनको पूर्व तयारी:** अनुगमन समितिले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ :

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व कुन-कुन विषयलाई प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने विषयसँग सम्बन्धित ऐन, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्नेछ ।

(ग) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

**२३. अनुगमन गर्ने प्रक्रिया:**

(१) अनुगमन गर्दा अनुगमनमा खटिने व्यक्तिले आफ्नो परिचय पत्र देखाई अनुगमन गर्नु पर्नेछ । अनुगमन समितिका संयोजक वा संयोजकले तोकेको सदस्यले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा बाधा विरोध गर्ने व्यक्ति वा व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारबाहीको लागि अनुगमन समिति वा सम्बन्धित शाखा वा कार्यालयले सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(३) अनुगमन टोलीले अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

**२४. जरिवाना र जफत गर्न सक्ने:**

(१) यस ऐनमा भएको व्यवस्था विपरीत कार्य गर्ने व्यवसाय र व्यक्तिलाई अनुगमन समितिले सोही समयमा यस ऐन बमोजिम मदिरा र सुर्ति जन्य वस्तु जफत गर्न र जरिवाना असुल गर्न सक्नेछ ।

## परिच्छेद ९

## नियन्त्रण, दण्ड र सजाय सम्बन्धी व्यवस्था

**२५. इजाजत पत्र नलिएका र सूचीकृत नभएका मदिरा व्यवसाय तथा सूर्तीजन्य वस्तुको विक्री गर्ने व्यवसायलाई सजाय :**

(क) प्रचलित कानुन बमोजिम इजाजत पत्र प्राप्त नगरी र नगरपालिकामा नियमानुसार सूचीकृत नगरी मदिरा तथा सुर्तिजन्य वस्तुको व्यवसाय सञ्चालन गरिएको पाइएमा एक पटकको लागि वढीमा सात दिनको अवधि राखी नसिहत दिइनेछ र त्यस्ता व्यवसायीले सात दिन भित्र इजाजत पत्र लिनुपर्ने र सूचीकृत गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिमको समयावधि समाप्त भएपश्चात्  इजाजत पत्र नलिएका र सूचीकृत नभएका मदिरा तथा सुर्तिजन्य वस्तुको व्यवसायहरूको पुन: अनुगमन गरी त्यस्ता व्यवसायीले मौज्दात राखेको सम्पूर्ण मदिरा र सुर्तिजन्य वस्तु जफत गरि रू. पाँच हजार जरिवाना साथै सो मदिरा तथा सुर्तिजन्य वस्तुको व्यवसाय नगरपालिकाले वन्द गर्न वा सो को लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

**२६. घरेलु मदिरा उत्पादन गर्नेलाई सजाय :** यस ऐन विपरीत घरेलु मदिरा उत्पादन गरेको पाइएमा देहाय बमोजिमको सजाय हुनेछ।

(क) पहिलो पटकको अनुगमनमा फेला परेका सबै मदिरा जफत गरी नष्ट गर्ने।

(ख) दोस्रो पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै रु. एक हजार जरिवाना गर्ने।

(ग) तेस्रो पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै रु. दुई हजार जरिवाना गर्ने।

(घ) चौथो र सो भन्दा बढी पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै रु. दश हजार जरिवाना गर्ने।

**२७. घरेलु मदिरा विक्री वितरणमा सजाय :** घरेलु मदिरा विक्री वितरण गर्ने मदिरा व्यवसायी र पसललाई देहाय बमोजिमको सजाय हुनेछ।

(क) पहिलो पटकको अनुगमनमा फेला परेका सबै मदिरा जफत गरी नष्ट गर्ने।

(ख) दोस्रो पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै रु. पाँच हजार जरिवाना गर्ने।

(ग) तेस्रो पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै रु. दश हजार जरिवाना गर्ने।

(घ) चौथो र सो भन्दा बढी पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै रु. बीस हजार जरिवाना गर्ने।

**२८. मदिरा विक्री वितरणमा सजाय :**

(१) यस ऐनमा भएको व्यवस्था विपरीत मदिरा विक्री वितरण गर्ने मदिरा व्यवसायीलाई देहाय बमोजिमको सजाय हुनेछ।

(क) पहिलो पटकको अनुगमनमा रु. एक हजार जरिवाना गर्ने।

(ख) दोस्रो पटकको अनुगमनमा रु. दुई हजार जरिवाना गर्ने।

(ग) तेस्रो र सो भन्दा बढी पटकको अनुगमनमा मौज्दातमा रहेका सम्पूर्ण मदिरा जफत गरी रु. दश हजार जरिवाना गर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि १८ वर्षभन्दा कम उमेरको व्यक्तिलाई मदिरा विक्री वितरण गरेको वा गर्न लगाएको वा नि:शुल्क वितरण गरेको प्रमाणित भएमा प्रत्येक पटक रु. पाँच हजार जरिबाना गर्ने।

**२९. सुर्तिजन्य वस्तुको विक्री वितरणमा सजाय :**

(१) यस ऐनमा भएको व्यवस्था विपरीत सुर्तिजन्य वस्तु, गुट्खा र यस्तै प्रकारका वस्तुको विक्री वितरण गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछ :

(क) पहिलो पटकको अनुगमनमा फेला परेका सबै सुर्तिजन्य वस्तु, गुट्खा र यस्तै प्रकारका वस्तु जफत गरी नष्ट गर्ने ।

(ख) दोस्रो पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै रु. एक हजार जरिवाना गर्ने ।

(ग) तेस्रो पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै रु. दुई हजार जरिवाना गर्ने ।

(घ) चौथो र सो भन्दा बढी पटकको अनुगमनमा खण्ड (क) बमोजिम साथै रु. दश हजार जरिवाना गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि १८ वर्षभन्दा कम उमेरको व्यक्तिलाई सुर्तिजन्य वस्तु विक्री वितरण गरेको वा गर्न लगाएको वा नि:शुल्क वितरण गरेको प्रमाणित भएमा प्रत्येक पटक रु. पाँच हजार जरिबाना गर्ने ।

**३०. धूम्रपान तथा सुर्ति सेवन गर्नेलाई सजाय :** यस ऐनमा भएको व्यवस्था विपरीत धूम्रपान तथा सुर्तिसेवन गर्ने व्यक्तिलाई देहायको सजाय हुनेछ :

(क) पहिलो पटकमा रु. एक हजार जरिवाना गर्ने ।

(ख) दोस्रो पटकमा रु. दुई हजार जरिवाना गर्ने ।

(ग) तेस्रो र सो भन्दा बढी पटकमा रु. दश हजार जरिवाना गर्ने ।

**३१. जरिवाना दोब्बर हुने :** कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति वा कर्मचारी वा शिक्षकले यस ऐन विपरीत मदिरा उपभोग वा धुम्रपान वा सूर्तीसेवन गरेको पाइएमा यस ऐनमा लेखिएको जरिवानाको दोब्बर जरिबाना गरिनेछ ।

**३२.** यस परिच्छेद बमोजिमको जरिवाना तिर्न आनाकानी गर्ने व्यवसायी वा व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछ :

(२) व्यवसायीलाई सजाय:

(क) नगरपालिका मार्फत उपलब्ध हुने सम्पूर्ण सेवा सुविधा रोक्का गर्ने ।

(ख) नगरपालिकाले तोकेको म्यादभित्र जरिवाना नतिर्ने व्यवसायलाई उक्त जरिवानामा वार्षिक दश प्रतिशत व्याज लगाई असुल गर्ने ।

(३) व्यक्तिलाई सजाय:

(क) नगरपालिका र वडा कार्यालयबाट प्रदान हुने सवै प्रकारका सेवा, सुविधा र सिफारिस बन्द गरिनेछ ।

## परिच्छेद १०

## विविध

**३३. पर्यटकीय क्षेत्र सम्बन्धी व्यवस्था :**

(१) यस ऐनको प्रयोजनको लागि नगर कार्यपालिकाले निर्णय गरी सम्भावित क्षेत्रलाई पर्यटकीय क्षेत्र भनी निर्धारण गर्नेछ ।

(२) नगर क्षेत्र भित्र सञ्चालन भएका होटल व्यवसायीहरूलाई सूचीकरण हुँदा पर्यटकीय क्षेत्रभित्र पर्ने हो होइन भनी सूचीकरण प्रमाण पत्रमा स्पष्ट उल्लेख गरी प्रमाण पत्र प्रदान गर्नेछ ।

**३४. कोष सम्बन्धी व्यवस्था :**

(१) यस ऐनबमोजिम असुल भएको जरिबानाको व्यवस्थापनका लागि छुट्टै कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषको रकम नगर कार्यपालिकाको निर्णय अनुसार खर्च गरिनेछ ।

(३) यस दफा बमोजिम स्थापना भएको कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**३५. विशेष अभियान सञ्चालन :**

(१) यस ऐन लागू भए पश्चात् नगर कार्यपालिकाले निर्णय गरी मदिरा तथा सुर्तिं जन्य वस्तुले गर्ने हानी र आवश्यक सचेतना, यस ऐन बमोजिमका प्रावधानहरू नगरवासीलाई जानकारी गराउने उद्देश्यले विशेष अभियान सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियान वर्षमा कम्तीमा दुई पटक र आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी सञ्चालन गर्न, गराउन सक्नेछ ।

(३) विशेष अभियान सञ्चालनको क्रममा विपन्न नागरिक, श्रमिक र नसाको लत लागेका सम्भावित नगरवासीहरुको स्वास्थ्य परीक्षण गर्न,गराउन सकिनेछ ।

(४) यस ऐन बमोजिम पहिलो पटक अनुगमनमा जानु पूर्व सबै नगरवासी र व्यवसायीलाई सूचना प्राप्त हुने गरी नगर कार्यपालिकाको कार्यालयले सूचना प्रकाशन, प्रसारण गर्नेछ ।

(५) मदिरा र सुर्तिं जन्य पदार्थ सेवन विरुद्धको सचेतनाका लागि नगरपालिकाले आवश्यकता अनुसार स्टिकर, व्याच, होर्डिङ्ग बोर्ड जस्ता सचेतनामूलक सामग्री तयार गरी प्रयोगमा ल्याउन सक्नेछ ।

**३६. बोतल व्यवस्थापनमा समन्वय :** मदिरा उपभोगबाट सङ्कलन भएका खाली बोतल व्यवस्थापनका लागि नगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालन भएका होटल व्यवसायी र सम्बन्धित डिलरहरूसँग आवश्यक समन्वय गर्नेछ ।

**३७. जफत भएको मदिरा तथा सुर्तिजन्य वस्तुको व्यवस्थापन :**

(१) यस ऐनको कार्यान्वयनको क्रममा जफत भएको मदिराको उपभोग्यतालाई मध्यनजर गरी नगरपालिकाले आवश्यकता अनुसार नष्ट गर्न वा लिलाम विक्री गर्न सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको क्रममा जफत भएको सुर्तिजन्य वस्तु नगरपालिकाले नष्ट गर्नेछ ।

(३) यस दफा बमोजिम मदिरा वा सुर्तिं जन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको लिलाम विक्रीबाट प्राप्त भएको रकम दफा ३४ बमोजिमको कोषमा जम्मा हुनेछ ।

**३८. कानुनको परिपालना:** यस ऐन तथा यस ऐन बमोजिम तर्जुमा भएका नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डको पालना गर्नु सम्पूर्ण नगरवासी र नगर क्षेत्रभित्र रहेका प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ ।

**३९. नियम बनाउन सक्ने :** यस ऐनको उद्देश्यको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**४०. निर्देशिका कार्यविधि, मापदण्ड बनाउन सक्ने :** यस ऐनको उद्देश्यको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

**४१. संशोधन, खारेजी र बचाऊ :**

(१) यस ऐनको समयसापेक्ष कार्यान्वयनका लागि नगरसभाले यस ऐनमा आवश्यक संशोधन गर्न सक्नेछ।

(२) सूर्योदय नगरपालिकाको मदिरा नियन्त्रण, नियमन गर्न बनेको निर्देशिका, २०७५ खारेज गरिएको छ।

(३) सूर्योदय नगरपालिकाको मदिरा नियन्त्रण, नियमन गर्न बनेको निर्देशिका, २०७५ बमोजिम भए गरेका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

(४) यस ऐनको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगरसभाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(५) यस ऐनमा व्यवस्था भएका कुनै प्रावधान सङ्घीय वा प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची १
## दफा १० को उपदफा (२) सँग सम्बन्धित
## सूचीकरण प्रमाण पत्र

मिति २०.......... ...... मा ............................ मा दर्ता भएको श्री ............................ लाई यस नगरपालिका क्षेत्रभित्र देहायका शर्तको अधिनमा रही मदिराजन्य/ सुर्तिजन्य वस्तुको विक्री वितरण गर्नको लागि सूर्योदय नगरपालिकामा मदिरा तथा सुर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८० बमोजिम सूचीकृत गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

पर्यटकीय क्षेत्रभित्र पर्ने व्यवसाय    हो ☐ होइन ☐

शर्तहरू :

१. सूर्योदय नगरपालिकामा मदिरा तथा सुर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८० को दफा १५, १७, १८, १९ र २० मा व्यवस्था भए बमोजिमका प्रावधानहरूको पूर्ण पालना गर्नुपर्नेछ ।
२. अनुगमनमा आएको टोलीलाई सहयोग गर्नुपर्नेछ ।
३. पर्यटकीय क्षेत्रभित्र पर्ने व्यवसायी नभएको हकमा देहायको समय बाहेक अन्य समय मदिरा विक्री वितरण गर्न पाइने छैन :

   (क) होल सेल विक्रेताले – विहानको १०:०० बजेदेखि राति १०:०० बजेसम्म

   (ख) खुद्रा विक्रेताले – दिनको ३:०० बजेदेखि राति १०:०० बजेसम्म

   (ग) विर्को खोली विक्री गर्ने विक्रेताले – साँझ ५:०० बजेदेखि राति १०:०० बजेसम्म

सूचीकरण भएको मिति :

सूचीकृत गर्ने अधिकारीको दस्तखत

नाम:

पद: